# विपद् जोखिम व्यवस्थापन राष्ट्रिय नीति तथा कार्यनीति तर्जुमा

## विषयगत समुह वातावरण तथा प्राकृतिक श्रोत विषयगत समूहको परामर्श बैठकबाट प्राप्त सुझाव तथा नीतिगत समीक्षाबाट संश्लेषित प्रतिवेदन

### परिचय

संसारभरी नै विपद् तथा जोखिम वातावरणीय ह्रासबीच गुज्रेको हुन्छ । कहिले विपद्ले वातावरणलाई असन्तुलित पारेर छाडेको हुन्छ भने कहिले असन्तुलित वातावरणले जोखिम बढाएर बिपद्लाई निम्त्याएको हुन्छ। वातावरण भन्नाले यहाँ सबैखाले प्राकृतिक श्रोत वा तिनका अवस्थाहरु, जस्तै घाम, हावा, पानी, माटो, र वन-वनस्पति अनि वन्यजन्तु वा समग्र जैबिक विविधतालाई जनाउँछ। प्राकृतिक जोखिमको कुरा गर्दा ती सबै प्राकृतिक चक्रभित्र पर्दछन्, जस्तै चट्यांङ्ग, भूकम्प, बाढी, पहिरो, खडेरी आदि । कैयों मानवीय क्रियाकलाप र उत्पादनहरु भने प्रकोपको पर्यायजस्तै भएका छन्, जस्तै कीटनाशक बिषादी, धुलो-धुवाँ, भिराला खेतबारी, पहरा फोरी बनाईएका राजमार्गहरु, नदी किनारका बस्ती, आदि । पछिल्लो समय, मानव सिर्जित जलवायु परिवर्तनबाट अकल्पनीय विपद्को चुनौती आइपर्ने कुरा अब अकाट्यजस्तै छ।

विपद् जोखिम व्यवस्थापन सम्बन्धि नीति तर्जुमाको पहिलो शर्त केहो भने प्राकृतिक जोखिमको निरोध वा निराकरण हुँदैन, हुन्छ त केवल त्यसको निदान, निरुपण र न्यूनीकरण । वैज्ञानिक ज्ञानको अभिवद्धी र प्रविधि विकासले अबका मानिसमा प्रकोप प्राकृतिक हो, दैबी होईन भन्ने चेतना खुलेको छ, विपद् बोधमा यो ठूलो उपलब्धि हो। विपद् जोखिम व्यवस्थापनको अवधारण यहि चेतनाको अभिव्यक्ति हो जसबाट जोखिम न्यूनीकरणका यावत उपायहरुको खोजी तथा विकास हुँदैछ । तथापी, अहिले सम्मका ती उपायहरुमा मात्र मानिस त्यसको केन्द्रमा छ, र उनको समाज अनि भौतिक सम्पत्तिको सुरक्षा त्यसको सेरोफेरोमा छन् । प्राकृतिक वासस्थान, त्यहाँ आश्रित विउ-वनस्पति वन्यजन्तु, र प्राकृतिक श्रोतहरुमा विपद्ले पु-याउने क्षतिका बारे हाम्रो व्यवस्थापन झन्डै मौन देखिन्छ।

मानिस तथा प्रकृतिबिच अन्योन्याश्रित सम्बन्ध छ, अहिले सम्मको हाम्रो स्वीकारोक्ति यहाँसम्म मात्र हो । यथार्थमा मानिस पूर्णरुपेण प्रकृतिमा आश्रित छन्, उसको जीविकोपार्जनका सम्पूर्ण साधनहरु भनेका परिस्थितिकीय प्रणालीका सेवाहरु हुन् । विपद् जोखिम व्यवस्थापनमा यी सेवाहरुलाई अक्षुण्ण राख्ने प्राथमिकताले स्थान पाउँदा, परिस्थितिकीय प्रणालीका सबै अवयवहरु अर्थात् वातावरण र प्राकृतिक श्रोतको निर्बाध संचालन भइकन मानिसले आफ्नो मात्र होइन बल्कि अन्य जीव र निर्जीवहरु समेतको सुरक्षा हुने अवस्थाको अनुभव गर्ने छ । अतः परिस्थितिकी विपद् जोखिम व्यवस्थापन ‘ईको डीआरआर’ आजको अवश्यकता हो ।

## नीतिगत समीक्षा

नेपालमा विपद् जोखिम व्यबस्थापन कार्यसित सम्बद्ध वा तिनलाई सहज गर्ने विभिन्न ऐन-कानुन र नीति-निर्देशिकाहरु विद्यमान छन् । विभिन्न समयमा बनेका ती ऐन र नीतिगत दस्ताबेजमध्ये केहिको यहाँ समीक्षा गरिएको छ ।

## ऐन तथा नियमावली

**नेपालको संविधान, २०७२** मा प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीतिमा जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाइको विकास गर्ने भनेर उल्लेखित छ । यस नीतिमा प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने भनेर उल्लेखित छ ।

**स्थानीय स्वायत्त शासन नियमावली, २०५६** मा आयोजना सञ्चालन भए पश्चात् अतिवृष्टि, अनावृष्टि, बाढी, पैह्रो, भूक्षय, जस्ता प्राकृतिक प्रकोप को समस्या उत्पन्न भए वा नभएको हेर्ने कार्य गाउँ विकास समितिलाई दिएको छ ।

**भवन ऐन,२०५५** मा भूकम्प, आगलागी तथा अन्य दैवी प्रकोपबाट भवनहरुमा पर्न सक्ने क्षतिलाई यथासम्भव कम गर्न भवन निर्माण कार्यलाई नियमित गराउन भवन निर्माण व्यवस्था सुदृदिकरण समिति गठन गरेको छ ।

**जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२** मा वातावरण संरक्षणको प्रावधान छ । यस नीतिमा जल उत्पन्न प्रकोप नियन्त्रण कार्यबाट पर्न सक्ने वातावरणीय नकारात्मक प्रभाव न्यून हुने गरी नियन्त्रण कार्य सम्पन्न गरिनेछ भनी उल्लेखित छ । यसका लागि सरकारी, गैरसरकारी

र स्थानीय स्तरमा आवश्यक जनचेतना अभिबृद्धि गरिनेछ । जल उत्पन्न प्रकोप नियन्त्रण कार्यबाट वातावरणमा पर्न सक्ने नकारात्मक असरका सम्वन्धमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षणलाई मुख्य आधार बनाई प्रचलित कानून बमोजिम वातावरणीय प्रभाव मूल्याकंन (EIA) वा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गरिने प्रावधान छ । वातावरणीय प्रभाव मूल्याकंन (EIA) वा प्रारम्भिक वातावरणीय परीक्षणले सिफारिस गरेका प्रमुख सुभ्कावहरुलाई नियन्त्रण कार्यसँग आवद्ध गरी संचालन गरिनेछ ।

**जलस्रोत ऐन, २०४९** यस ऐनमा जलस्रोत उपयोग गर्न अनुमति व्यवस्थामा जलस्रोतको सर्वेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा सङ्गठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक र वातावरणीय अध्ययन प्रतिवेदन दिनुपर्ने प्रावधान छ । साथै जलस्रोतलाई प्रदूषित गर्न नहुनको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिएको जलस्रोतको प्रदूषण सहन-सीमा नाघ्ने गरी कसैले पनि कुनै किसिमको फोहरमैला, औद्योगिक निकास, विष, रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलस्रोतलाई प्रदूषित गर्नु हुँदैन । वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्न जलस्रोतको उपयोग गर्दा भू-क्षय, बाढी, पहिरो वा यस्तै अरू कारणद्वारा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी गर्नुपर्ने व्यवस्था छ ।

**भू तथा जलाधार संरक्षण ऐन, २०३९** मा बाढी, पैह्रो, भू-क्षय जस्ता प्राकृतिक प्रकोपको नियन्त्रण गरी भू तथा जलाधार संरक्षण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गरिएको छ । प्राकृतिक प्रकोप हुने वा हुन सक्ने संरक्षित जलाधार क्षेत्रभित्रको जग्गामा निषेधित कार्यहरुमा फोहर मैला तथा यस्तै वातावरण दूषित पार्ने खालको अन्य कसिंगरहरु फयाँक्ने वा त्यस्तो फोहर मैला र कसिंगरहरु थुपार्ने वा राख्ने ठाउँको निर्माण गर्न नपाउने प्रावधान छ । साथ भैरहेको वन जङ्गल, रुख, विरुवा, भ्कारपात, घाँस वा अन्य प्राकृतिक वनस्पति काट्ने वा अन्य कुनै किसिमले नष्ट गर्न नपाउने उल्लेखित छ ।

**वातावरण संरक्षण ऐन, २०५३** मा वातावरण संरक्षण गर्ने सम्बन्धमा प्राकृतिक प्रकोपबाट उत्पन्न हुने वातावरणीय ह्रासलाई समावेश गरिएको छैन ।

**जलवायु परिवर्तन नीति, २०६७** का उद्देश्यहरू प्राप्तिका लागि अवलम्वन गरिएका नीतिहरूमध्ये जलवायु अनुकूलन, प्रकोप एवम् जोखिम न्यूनीकरण अन्तगर्त जलवायु परिवर्तनबाट सिर्जित जल-उत्पन्न प्रकोप एवम् जोखिमको पूर्वानुमान गर्दै पूर्व सूचना दिन तथा रोकथामका उपायहरूको

अवलम्बन गर्न आवश्यक संयन्त्रको विकास तथा कार्यान्वयन गरी तिनको नियमित निरीक्षण तथा कार्य क्षमता सुदृढ गर्ने भनी उल्लेखित गरिएको छ ।

**कृषि जैविक विविधता नीति, २०६३** मा दीर्घकालिन रूपमा कृषि जैविक विविधताको संरक्षण एवं संवर्द्धन गरी पर्यावरणीय सन्तुलन अभिबृद्धि गर्न अवलम्बन गरिएको नीतिहरूमा विकास कार्यक्रमहरू संचालनका लागि वातावरणीय प्रभाव मूल्याँकन गर्दा कृषि जैविक विविधतालाई विशेष महत्व दिने उल्लेखित गरिएको छ । यस नीतिमा प्राकृतिक प्रकोपबाट कृषिमा हुने प्रभावलाई समावेश गरिएको छैन ।

**राष्ट्रिय कृषि नीति, २०६१** का उद्देश्यहरूमा प्राकृतिक श्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्बर्द्धन एवं सदुपयोग गर्ने रहेको छ । यसमा प्राकृतिक प्रकोप अतिवृष्टि, अनावृष्टि, रोग, कीरा एवं अन्य दैवी प्रकोपहरूको आंकलन र कृषि राहत परिचालनका लागि सर्भे सर्भिलेन्स प्रणाली स्थापित गरी क्रियाशील राखिने उल्लेख गरिएको छ ।

**सिंचाइ नीति, २०६०** का उद्देश्यहरू प्राप्तिका लागि अवलम्वन गरिएका नीतिहरूमध्ये आयोजना तर्जुमा गर्दा एकिकृत जलस्रोत व्यवस्थापनका सिद्धान्त अनुरूप सरोकारवाला (Stakeholder) लाई आवश्यक पानीको उपलब्धता, लगानीको प्रतिफल, लागतमा हिस्सेदारी एवं दैवीप्रकोप विरुद्धको स्व-विमा (Self Insurance) गर्ने गरी गरिनेछ भनी उल्लेखित गरिएको छ ।

**प्रकोप पीडित उद्धार र राहतसम्बन्धी मापदण्ड** २०६४ ज) प्रकोपका पीडितहरुलाई पुनःस्थापन तथा पुनःनिर्माणका लागि प्रचलित नीति बमोजिम बअन्तर्गतको जिल्लास्थित तोकिएको निकायले सहुलियत दरमा काठ उपलब्ध गराउने । ञ) भूकम्प, बाढी, पहिरो, आगलागी, असिनापानी, हुरी बतास, चट्याङ्ग, शीतलहर, हिमपातका साथै हवाई, सडक एवं डुङ्गा दुर्घटनाबाट प्रभावित पीडितहरुलाई मात्र राहत सहयोग उपलब्ध गराउने

**राष्ट्रिय सहरी विकास रणनीति**मा विपद् र जलवायु परिवर्तनका असरहरूको सामना गर्न बहू-प्रकोप उपगमनको प्रवर्धनलाई एक मुख्य रणनीतिका रुपमा उल्लेख गरिएको छ ।

यसका अतिरिक्त पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कामलाई निर्देशित गर्ने अन्य केही नियमावली वा निर्देशिकाहरु पनि प्रयोगमा छन् । तीमध्ये केही मुख्य निम्न छन् -

- खोज तथा उद्धारका लागि राष्ट्रिय रणनीतिक कार्ययोजना, २०७१
- विपद् पीडित पुनर्वास संचालन कार्यविधि, २०७१
- प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोष सञ्चालन नियमाबली, २०६३
- विपद् पश्चात्को शव व्यवस्थापनसम्बन्धी मार्गदर्शन, २०६८
- प्रकोप पीडित उद्धार र राहतसम्बन्धी मापदण्ड, २०६४
- ८३ वटा खुल्लाक्षेत्र कायम गर्ने नेपाल सरकारको निर्णय, २०६९
- विपद्पीडित पुनर्वास संचालन कार्यविधि, २०७१
- बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०६७
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सयोग परिचालन निर्देशिका, २०७२
- राष्ट्रिय स्थिति-पत्र क्यान्कुन सन २०१७

**आवधिक विकास योजना**

नेपालको आवधिक विकास योजनाहरुमा, नेपाल सरकारले विपद जोखिम व्यबस्थापन कार्यक्रमलाई पहिलोपल्ट दसौं विकास योजनामा राखेको देखिन्छ । यसमा दुइवटा परिच्छेदहरु थिए परिच्छेद १७ ले जलउत्पन्न बिपद्को तयारीनिम्ति महत्व दर्शाएको थियो भने परिच्छेद २२ ले जनसंख्या विषयक बुँदालाई उल्लेख गरेको थियो ।

नेपालको ११ औं योजनाले वातावारणमैत्री विकासको प्रवर्द्धनलाई जोड दिएको थियो र सोही अनुसार विकास तथा निर्माण कार्यहरुमा वातावरणमैत्री प्रणालीहरुको रणनीति तयार पर्ने र लागु गर्ने कुरा उल्लेख गरेको थियो । कार्यनीतितर्फ वातावरणीय प्रभाब मुल्यांकन र प्राकृतिक जोखिम मुल्यांकनलाई सुदृढ गर्ने, मौसम भबिष्यबाणीको प्रविधि अझ भरपर्दो र सबल बनाउने, भू-क्षय, पहिरो, बाढी र नदी कटान नियन्त्रणलाई प्रभाबकारी ढङ्गले लागु गर्ने जस्ता कुराहरु लेखिएको थियो । त्यस्तै, जोखिम प्रकोप अध्ययन र नक्सांकनको कार्यक्रम पनि उक्त योजनामा समाबेश थियो ।

१२ औं योजनामा विपद् ब्यबस्थापनको शिर्षक अध्याय ६ मा पूर्वाधार विकास नीतिभित्र समेटिएको छ । यस योजनामा विपद् ब्यबस्थापनको दीर्घकालीन सोच नेपाललाई जुनसुकै

खालका प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट उत्थानशील बनाउने र उद्देश्य विपद्बाट हुने मानवीय, आर्थिक सामाजिक, प्राकृतिक क्षतिलाई न्यूनतम गर्ने लिइएको छ। रणनीतिमा विपद्को संभावित जोखिमलाई कम गर्न विपद् रोकथाम र न्यूनिकरणमा जोड दिने, क्षेत्रगत विकासका नीति तथा कार्यक्रमहरुमा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्ने, कानूनी, नीतिगत तथा संस्थागत संरचना विकास गर्ने र कार्यान्वयन गर्ने निकायहरुको क्षमता अभिवृद्धि गर्दै जाने, र विपद्बाट हुने जनधनको क्षतिलाई न्यून गर्न आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य क्षमतामा अभिवृद्धि गर्ने ।

विपद् जोखिम व्यबस्थापनका सम्बन्धमा १३ औं योजनाको दीर्घकालीन सोच नेपाललाई सबै प्रकारका प्राकृतिक तथा मानवीय प्रकोपको जोखिमबाट विपद् सहनशील (disaster resilient) बनाउने भन्ने थियो र उद्देश्यमा प्रकोपको जोखिम तथा यसका असरहरूलाई न्यूनीकरण गर्न विपद् व्यवस्थापनलाई विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने भन्ने थियो । त्यस्तै, यस योजनाले तीनवटा रणनीतिहरु अवलम्बन गरेको थियोः क) विपद् व्यवस्थापनका सवै चक्रहरूका कार्य हरूलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापनसम्बन्धी प्रभावकारी कानुनी तथा संस्थागत व्यवस्था गर्ने । ख) विपद् व्यवस्थापन कार्यमा गैरसरकारी, निजी क्षेत्र तथा स्थानीय समुदाय समेतको साझेदारी अभिवृद्धि गर्दै सूचना प्रवाह र समन्वय कार्यलाई प्रभावकारी बनाउने, र ग) विपद्बाट उत्पन्न परिस्थितिको सामना गर्न पूर्व तयारी तथा प्रतिकार्य क्षमता अभिवृद्धि गर्ने । १३ औं योजनामा जलउत्पन्न विपद् व्यबस्थापनको पनि एक अलग बुँदा राखिएको छ ।

१४ औं योजनामा विपद् व्यवस्थापनको विषय भिन्दाभिन्दै चारवटा परिच्छेदहरुमा समावेश गरिएको छ । परिच्छेद ४ क्षेत्रगत विकास नीतिहरुमा सिँचाई तथा प्रकोप व्यवस्थापनका राखिएका छ, परिच्छेद ६ को अन्तरसम्बन्धित विकास नीतिहरु अन्तर्गत विपद् व्यवस्थापन, वातावरण तथा जलवायु परिवर्तनको शिर्षक राखिएको छ । परिच्छेद ९ को चौधौं योजनाको नतिजा खाकामा विपद् व्यवस्थापन र पुनर्निर्माणको नतिजा सुचकहरु समेतको तालिका प्रस्तुत गरिएको छ ।

**विधि तथा प्रक्रिया**

वातावरण तथा प्राकृतिक श्रोत कार्यसमूहको मुख्य नेतृत्व संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले गरेको थियो भने सह-नेतृत्व जनसंख्या तथा वातावरण मन्त्रालय र वन तथा भू-संरक्षण मन्त्रालयबाट भएको थियो । यस कार्य समूहलाई मुलतया सिकाइहरुको अभिलेख र

गर्नुपर्ने कामको पहिचान गरी सन् २०१५ को गोरखा भूकम्पका पाठहरु समेतलाई मध्यनजर राख्दै सेन्डाई कार्य योजनासँग सादृश्यता राख्ने खालको समूहगत कार्य योजना सुझाउने कार्यादेश थियो ।

यसक्रममा सर्वप्रथम सेन्डाई कार्ययोजना र विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ को विस्तृत अध्ययन र समीक्षा गरियो । त्यसपछि नेपालमा विपद् जोखिम व्यवस्थापनसँग सम्वद्ध ऐन, नियम, नियमावली, निर्देशिका लगायतका दस्तावेजहरुको अध्ययन र समीक्षा गरियो । दस्तावेजबाट प्राप्त वुँदाहरुलाई सेन्डाई कार्य योजनाका चार प्राथमिकताका क्षेत्र सित मिलान गरी एउटा तालिका तयार गरियो । उक्त तालिका लाई क्रमशः सामूहिकीकरण गर्दै सेन्डाई कार्य योजनासँग अझ बढी सामिप्यता राख्दै प्राथमिकीकरण गर्दै रणनीतिक तहतर्फ उन्मुख गराइयो ।

यस क्रममा २०७४ वैशाख २५ गते संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा प्रथम परिचयात्मक बैठक गरी पहिलो प्रस्तुति र छलफल गरियो । बैठकमा २७ जनाको उपस्थिति थियो र सहभागीहरुबाट सुझाव सङ्कलन गरि लेखन कार्यलाई अगाडि बढाइयो । दोश्रो चरणमा २०७४ असार २९ गते संघीय मामिला तथा स्थानीय विकासमा दोश्रो परामर्श बैठक गरी कामको अद्यावधिक विवरण प्रस्तुत गरियो । उक्त बैठकमा करिब २५ आमन्त्रित सहभागीको उपस्थिति थियो । बैठकमा प्रतिवेदन प्रस्तुत भै वुँदागत छलफल र पृष्ठपोषण प्राप्त गरियो ।

मन्त्रालयबाट आयोजित बैठकका अतिरिक्त कार्य समुहका विषयसित सम्बद्ध मन्त्रालय र विभागमा गैकन छलफलहरु पनि राखिए साथसाथै विषय ज्ञाताहरुसित पनि भेटघाट र छलफल गरियो ।

प्रस्तुत प्रतिवेदन को मस्यौदा उल्लिखित बिभिन्न चरणमा गरिएका बैठकहरु र त्यहाँबाट प्राप्तसुझावलाई समेट्दै नेतृत्व गर्ने गृह मन्त्रालय र सह-नेतृत्व गर्ने संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका जिम्मेवार अधिकृतहरुसँग सानिध्यमा रही तयार पारी प्रतिवेदनलाई एउटा स्वरुपमा प्रस्तुत गरेको छ ।

**प्रतिवेदनको संरचना**

वातावरण तथा प्राकृतिक श्रोत कार्यसमूहको यो प्रतिवेदनले सेन्डाई कार्ययोजनाका चार प्राथमिकताका कार्यक्षेत्रलाई पछ्याउन्दै हरेक प्राथमिकताका क्षेत्रलाई सकेसम्म नेपालको सन्दर्भमा जोड्ने प्रयाश गरिएको छ । यसका लागि प्राथमिकताका कार्यक्षेत्रको प्रारम्भमा एउटा संक्षिप्त

परिचयात्मक आलेख राखिएको छ । त्यसपछि मुख्य र रणनीतिक पक्षहरुको प्रस्ताव गरिएको छ । ती हरेक रणनीतिक पक्षहरुमा हालको स्थितिको संक्षिप्त र बुँदागत अभिलेख गर्नुपर्ने नीतिगत/कार्यक्रमिक आवश्यकताको बुँदागत पहिचान गरिएको छ । त्यस्ता हरेक बुँदाको कायविधि र जिम्मेवार निकायको पहिचान पनि साथसाथै गरिएको छ । यसअघि समग्र नीतिगत समीक्षा र कार्यविधिलाई पनि यस प्रतिवेदनमा अभिलेख गरिएको छ ।

### क) विपद् जोखिमको बुझाइ

जोखिम न्यूनीकरणका लागि विपद् जोखिम र संकटाभिमुखताको सही पहिचान गर्नसक्नु पहिलो महत्वपूर्ण कार्य । यस्तो बुझाईको अभिवृद्धिले विपद् जोखिम न्यूनीकरण सम्वन्धी निर्णय प्रक्रियालाई सही ढंगबाट निर्देशित गर्छ साथै प्रतिकार्यको लागि उपयुक्त पूर्व तयारीलाई पनि सही दिशानिर्देश गर्न सक्छ । नेपालमा विपद्जन्य सूचना प्रणालीमा गृह मन्त्रालय, मौसम तथा जलवायु विभाग, भूगर्भ विभाग लगायतका सरकारी निकायहरु सक्रिय छन् । विपद्जन्य धनजनको क्षति, तथ्यांकको प्रमाणीकरण र अभिलेखीकरणको काममा भने गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्रले जिम्मेवारी पाएको छ । विपद् सम्वन्धी तथ्यांक र सूचनाको संकलन र अभिलेखीकरणको कामलाई एकातिर थप व्यवस्थित बनाउन बाँकी छ भने ती सूचनाको निरन्तर र आवधिक विश्लेषण गरी जोखिम सूचनालाई जनस्तरमा पुऱ्याउन धेरै नै प्रयास गर्न बाँकी छ ।

### कार्यसूची

वातावरण तथा प्राकृतिक श्रोतका दृष्टिले विपद् जोखिमको बुझाईका मुख्य कार्यसूचीहरु निम्न वमोजिम छन् -

१) प्राकृतिक श्रोतहरुको नक्सांकन (Mapping Natural Resource(

२) प्रकोप, सङ्काटासन्नता, जोखिम मूल्यांकन (Hazard, Vulnerability and Risk Assessment(

३) ज्ञान उत्पादन तथा ब्यबस्थापन )Knowledge Generation and Management)

### हालको स्थिति

#### कार्यसूची १ : प्राकृतिक श्रोतहरुको नक्सांकन

यस कार्यसूचीमा निम्न तीनवटा क्षेत्रको पहिचान छ, जसको हालको स्थिति सहित तल प्रस्तुत गरिएको छ ।

### १.१ भूमि र माटो (Land-soil):

भूमि र माटोको चरित्र दर्शाउने नेपालको पछिल्लो भौगर्भिक नक्सा सन् १९९४ उपलब्ध छ । भूकम्प र अन्य प्रकोपको विस्तृत चरित्र तयार गर्न बाँकी । साथै तरलता (Liquefaction) प्रकोप नक्सा पनि सिमित शहर-बस्ती (काठमाण्डौ उपत्यका) को लागिमात्र उपलब्ध छ ।

### १.२ वन तथा जैविक बिबिधता (Forest and Biodiversity) :

वन क्षेत्रको हैसियत दर्शाउने आवधिक नक्सा (२०१६) पूरा देशको साथै नयाँ संरचनाअनुसार ७४४ ईलाकाको उपलब्ध भएको छ, तथापी तिनमा विपद् तथा जोखिम व्यवस्थापनको परिवेश समावेश गर्न बाँकी छ ।

### १.३ सिमसार तथा जलाशय (Lake and Wetlands) :

हालमा सिमसार तथा जलाशयका सम्बन्धमा टोपो-म्यापमा आधारित ७५ जिल्लाका सिमसार तथा जलाशयहरुको संख्या गणनाको नक्सा उपलब्ध तथापी तिनको आकार क्षेत्रको मूल्यांकन भएको र जोखिम संकटाभिमुखतासम्बन्धी सूचना उपलब्ध छैन ।

### १.४ शहरी वायु (Urban Air) :

नेपालमा पहाडी गाउँको वायु सफा भए तापनि शहर-बजार र तराईतिरको वस्तिहरुको वायु प्रदूषित छ । प्रदूषित वायु मुख्यतया रोग-ब्याधिको कारण बन्दछ । हालमा हामीसित काठमाण्डौ उपत्यकाको वायुको गुणस्तरसम्बन्धी प्रतिवेदन उपलब्ध छ, अन्य शहरको अध्ययन नभएको अवस्था छ ।

**कार्ययोजना १**

| क्रम | कार्य | समय सिम | जिम्मेवार निकाय |
|---|---|---|---|
| १.१.१ | • भूकम्प र अन्य प्रकोपको विस्तृत चरित्र दर्शाउने नक्सांकन तयार गर्ने । | सन् २०२५ सम्म | खानी तथा भूगर्भ विभाग, त्रिभुवन विश्वविद्यालय, काठमाण्डौ विश्वविद्यालय, विशेषज्ञहरुको व्यवसायिक समाज |
| १.२.१ | • विपद तथा जोखिम व्यवस्थापन सहितको वन अवस्थिति तयार पार्ने<br>• जैविक विविधताको अवस्था र | सन् २०२० सम्म | वन विभाग, भू तथा जलाधार संरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, खानी तथा भू-गर्भ विभाग, |

| | | | |
|---|---|---|---|
| | त्यसमा हुनसक्ने विपद् आशंकाको निदान/पहिचान | | वनस्पति विभाग, विश्वविद्यालय |
| १.२.३ | • प्रकोपसम्बन्धी सूचना सहितको जिल्ला स्तरीय सिमसार र जलाशयको विवरण तयार गर्ने । | सन् २०२० सम्म | वन तथा भू-संरक्षण मन्त्रालय, ईसिमोड र आईयूसीएन, त्रिभुवन विश्वविद्यालय, काठमाण्डौ विश्वविद्यालय |
| १.२.४ | • प्रमुख शहरहरुको वायु-गुणस्तर अध्ययन प्रतिवेदन तयार गर्ने | सन् २०२५ सम्म | नेपाल सरकार वातावरण विभाग, नास्ट, अनुसन्धानमुखी गैर-सरकारी संस्था |

**कार्यसूची २ : प्रकोप, सङ्कटासन्नता, जोखिम मूल्यांकन (Hazard, Vulnerability and Risk Assessment)**

यस कार्यसूची अन्तर्गत विपद् जोखिम व्यवस्थापनका लागि निम्न चार मुख्य क्षेत्रहरुको पहिचान गरिएको छ ।

१. जलवायु परिवर्तन सङ्कटासन्नता मूल्यांकन (Climate change vulnerability assessment)
२. विपद् जोखिम व्यवस्थापनमा प्राकृतिक श्रोत मूल्यांकन
३. जलाधार तहमा जोखिम सम्बेदनशील भू-उपयोग योजना (Risk sensitive land use plan in watershed level)
४. माटोको खति र भू-क्षय मूल्यांकन (Soil loss and erosion assessment)

**हालको स्थिति**

२.१ जलवायु परिवर्तन सङ्कटासन्नता मूल्यांकन : जलवायु अनुकुलन कार्ययोजना (NAPA) तयार पर्ने सिलसिलामा देशका ७५ जिल्लाको सङ्कटासन्नता मूल्यांकन तयार भएको छ । पछि स्थानीय कार्यनीतिका (LAPA) तयार भै नेपाल सरकारबाट स्वीकृत भएपछि गाउँ स्तरीय र समुदाय स्तरीय सङ्कटासन्नता मूल्यांकन तयारीका केहि आयोजनाहरु सञ्चालन भए । हालसम्म केहि सिमित गाउँपालिकाको मात्र त्यस्तो मूल्यांकन गर्ने क्षमताको अभाव खट्किएको छ ।

२.२ विपद् जोखिम व्यवस्थापनमा प्राकृतिक श्रोत मूल्यांकन : स्थानीय विपद जोखिम व्यवस्थापन योजना २०६८ मा प्राकृतिक श्रोत मूल्यांकनको अनुसूची संलग्न भएको छ । यस्तो योजना केहि थोरै नगर तथा गाउँपालिकाहरुको तर्जुमा भएको छ, जुन वास्तवमा सबै स्थानीय निकायहरुका लागि आवश्यक छ ।

२.३ जलाधार तहमा जोखिम सम्बेदनशील भू-उपयोग योजना : जलाधार तहमा जोखिम सम्बेदनशील भू-उपयोग योजना तर्जुमा भएको छ, तथापी तिनमा एकीकृत योजनाको अभाव देखिन्छ ।

२.४ माटोको खति र भू-क्षय मूल्यांकन : माटोको खति र भू-क्षय मूल्यांकन अनि आवश्यकीय मापन भए तापनि हाललाई केहि सिमित जिलाधारहरुमा मात्र भएको छ ।

**कार्ययोजना २**

| क्रम | कार्य | समय सिम | जिम्मेवार निकाय |
|---|---|---|---|
| २.१.१ | • समुदायसहितको संलग्नतामा सङ्कटासन्नता मूल्यांकन तयार गर्ने र वैज्ञानिक ज्ञानको अभिवृद्धि र आवधिक प्रतिवेदनहरु उपलब्ध गर्ने । | सन् २०२० सम्म | संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय, गृह मन्त्रालय, जनसंख्या तथा वातावरण मन्त्रालय, गैर सरकारी संस्थाहरु, प्राज्ञिक संस्थानहरु |
| २.१.२ | • सवै नगर तथा गाउँपालिकाहरुको विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा गर्ने र योजनामा वातावरण प्राकृतिक श्रोत एकीकृत गर्ने । | सन् २०२० सम्म | गृह मन्त्रालय, जनसंख्या तथा वातावरण मन्त्रालय, गैर सरकारी संस्थाहरु, प्राज्ञिक संस्थानहरु |
| २.१.३ | • प्रत्येक संघमा मुख्य सम्बेदनशील जलाधारहरुको बहु-प्रकोप जोखिमको मूल्यांकन सहितको भू-उपयोग नक्सा तयार पर्ने । | सन् २०२० सम्म | भू-तथा जलाधार संरक्षण विभाग, गृह मन्त्रालय, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय, जनसंख्या तथा वातावरण मन्त्रालय, प्राज्ञिक संस्थानहरु |
| २.१.४ | • देशभरिको जलाधारहरुमा माटोको खति र भू-क्षय मूल्यांकन र नक्सांकन तयार पार्ने । | सन् २०२० सम्म | भू तथा जलाधार संरक्षण विभाग, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्राज्ञिक संस्थानहरु |

**कार्यसूची ३. ज्ञान उत्पादन तथा व्यवस्थापन (Knowledge Generation and Management)**

यस कार्यसूचीमा पनि तीनवटा प्रमुख क्षेत्रहरु पहिचान गरिएको छ, जसको हालको स्थिति संक्षिप्तमा तल प्रस्तुत गरिएको छ :

३.१ सरकारी निकायमा विपद् जोखिम व्यवस्थापन ज्ञान (DRR knowledge in government institutions): लोक सेवा आयोग, प्रशासन प्रतिष्ठान, तालिम केन्द्रहरुको पाठ्यक्रममा विपद् जोखिम व्यवस्थापनको पाठ समावेश भएको पाइन्छ, तथापी पाठहरु बढी मानव केन्द्रित छन् र तिनलाई वातावरण तथा प्राकृतिक श्रोतसित एकीकृत गरिनु पर्ने देखिन्छ ।

३.२ विद्यालय तथा विश्वविद्यालय शिक्षा (School and University education) : नेपालका विद्यालय र विश्वविद्यालय पाठ्यक्रममा विपद् जोखिम व्यवस्थापन विषय/पाठ समावेश भएको छ । यसमा विद्यमान समस्या भनेको शिक्षण प्रणाली ज्यादा सैद्धान्तिक र व्यवहारिक ज्ञानको कमी हो ।

३.३ ज्ञान व्यवस्थापन तथा सूचना सेवा (Knowledge management and information service) : विपद् जोखिम ज्ञान उत्पादनमा क्रमिक विकास भैरहेको छ, तथापी तिनको संस्थागत व्यवस्थापनको अभाव र धेरैजसो ज्ञान व्यक्तिमा सिमित रहेको देखिन्छ ।

**कार्ययोजना ३**

| **क्रम** | **कार्य** | **समय सिम** | **जिम्मेवार निकाय** |
|---|---|---|---|
| ३.१ | • पाठ्यक्रमहरुको पुनरावलोकन र परिमार्जन गर्ने | सन् २०२० सम्म | लोक सेवजा आयोग, प्रशासन प्रतिष्ठान, तालिम केन्द्र, पाठ्यक्रम विकास केन्द्र |
| ३.२ | • पाठ्यक्रमको समयानुकूल सुधार गर्ने<br>• वातावरण र प्राकृतिक श्रोतसित एकीकृत गरिएको विपद् जोखिम व्यवस्थापनको सैद्धान्तिक ज्ञानको अभिवृद्धि गर्ने | सन् २०२५ सम्म | विश्वविद्यालय अनुदान आयोग, सवै विश्वविद्यालय, शैक्षिक संस्थानहरु |
| ३.३ | • राष्ट्रिय र प्रान्तीय तहमा ज्ञान व्यवस्थापन केन्द्रको स्थापना गर्ने<br>• व्यक्तिले आर्जन गरेको ज्ञानलाई संस्थाकरण गर्दै लैजाने<br>• ज्ञान व्यवस्थापनलाई प्राथमिकतामा राखेर आवश्यक कार्यक्रम-बजेटको व्यवस्था गर्ने<br>• प्रत्येक निकायमा सूचना संग्रह गर्ने | सन् २०२० सम्म | त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय, नास्ट जलवायु परिवर्तन ज्ञान व्यवस्थापन केन्द्र, गृह मन्त्रालय, अन्तर्राष्ट्रिय संस्थाहरु |

| | | | |
|---|---|---|---|
| | क्षमता र पद्धिको विकास गर्ने | | |

**ख) विपद् जोखिम व्यवस्थापनका लागि जोखिम शासनको सबलिकरण**

मानवीय क्षति र आर्थिक नोक्सानी संयोजन गर्नु प्रभावकारी जोखिम व्यवस्थापनको अर्को महत्वपूर्ण पाटो हो । यसमा वातावरण तथा प्राकृतिक श्रोतहरुको नोक्सानीलाई पनि समावेश गरिनु वान्छनीय हुन्छ । यस प्रकारको संयोजनको लागि पहिलो आवश्यकता आधारभूत तथ्यांक हुन् । आधारभूत तथ्यांकको जोहो भएर तिनको नियमित मूल्यांकन गर्दा दिगो विकास र विपद्बाट भएको क्षतिको सटिकसम्बन्ध थाहा पाउन सकिन्छ । साथै, यसबाट जोखिम न्यूनीकरण गर्न र दिगो विकासमा योगदान पुऱ्याउने मार्ग पनि निर्धारण गर्न सकिन्छ । नेपालजस्तो देश जहाँ विपद्का विभिन्न स्वरुपहरु विद्यमान छन्, वहु-पक्षीय निकायहरुको सहभागिता हुने संयन्त्रको तजबिजी गरिनु वान्छनीय हुनेछ ।

**कार्यसूची**

दोश्रो प्राथमिकता क्षेत्र विपद् जोखिम व्यवस्थापनका लागि जोखिम शासनको सबलिकरण अन्तर्गत तीनवटा कार्य सूचीहरु पहिचान गरिएका छन् :

१. संस्थान संरचना (Institutional structure)
२. कानुनी व्यवस्था (Legal framework)
३. बजेट सञ्चालन विधि (Budget flow mechanism)

**हालको स्थितिः**

१) संस्थान संरचना (Institutional structure) : जिल्लास्तरीय निकायमा वातावरण र विपद् जोखिम व्यवस्थापनको इकाईको प्रावधान रहेको; नयाँ संविधानअनुसार प्रान्तीय स्तरमा सोही प्रकारको संस्थागत व्यवस्था हुनु बाँकी

२) कानुनी व्यवस्था (Legal framework) : दैवी प्रकोप उद्धार ऐन २०३९ को व्यवस्था भएको; विपद् तथा जोखिम व्यवस्थापनको कानुनी व्यवस्था हुन बाँकी; विद्यमान विपद् जोखिम व्यवस्थापनको अवधारणा मूलतः मानव-केन्द्रित रहेको; वातावरण र प्राकृतिक श्रोतको विषयलाई पनि एकीकृत गर्नुपर्ने

३) बजेट सञ्चालन विधि (Budget flow mechanism) : विपद्सम्बन्धी कार्यक्रम-बजेट मूलतः राहत उद्दारमा सिमित; विपद् तथा जोखिम न्यूनीकरणलाई प्राथमिकताका साथ योजनामा उल्लेख गरिनु पर्ने; वातावरण र प्राकृतिक श्रोत संरक्षण अनि व्यवस्थापनको कार्यक्रम-बजेटमा पनि सोको विपद्-जोखिम व्यवस्थापनको पक्षलाई समेट्नेपर्ने

**कार्ययोजना**

| क्रम | कार्य | समय सिम | जिम्मेवार निकाय |
|---|---|---|---|
| १.१ | • स्थानीय, प्रान्तीय र राष्ट्रिय स्तरमा विपद् जोखिम व्यवस्थापनको सबल संरचनाको तयार गरि समन्वयात्मक रुपमा क्रियाशील भएको सञ्चालनविधिको व्यवस्था गर्ने<br>• स्थानीय, प्रान्तीय र राष्ट्रिय संरचनामा विपद् तथा जोखिम व्यवस्थापनसम्बन्धी प्रावधानको व्याख्या र बुझाई प्रष्ट पारी ती संरचनामा विपद् तथा जोखिम व्यवस्थापनको संस्थागत विकास गर्ने | सन् २०२५ सम्म | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, गृह मन्त्रालय, जनसंख्या तथा वातावरण मन्त्रालय |
| १.२ | • विपद् तथा जोखिम व्यवस्थापनको समयानुकूल कानुन व्यवस्था गर्ने<br>• वातावरण र प्राकृतिक श्रोतको विषयलाई विपद् तथा जोखिम व्यवस्थापनको कानुनी प्रावधानमा सम्बोधन गर्ने<br>• गृह, वन तथा भू-संरक्षण र जनसंख्या तथा वातावरण मन्त्रालयहरुका प्रतिनिध रहेको समन्वय समितिको निर्माण गर्ने | सन् २०२० सम्म | सम्बन्धित मन्त्रालयहरु (गृह, वन तथा भू-संरक्षण र जनसंख्या तथा वातावरण), संसदीय समिति |

**ग) पजवद् जोखिम न्यूनीकरण र उत्थानशिलताको प्रवर्द्धनको लागि लगानी**

विपद् जोखि न्यूनीकरण र उत्थानशिलताको प्रवर्द्धनको लागि लगानी दीर्घकालीन लाभ प्राप्त हुन्छ । पहिलो कुरा त यस्तो लगानीले विपद् आइलाग्दा नोक्सानी कम हुन्छ, दोश्रो कुरा यसले नयाँ नयाँ आविष्कारको लागि अवसर जुटाउँदछ र विकासको ढोका खोल्छ, र तेश्रो विपद् नै आई नपर्दा पनि यस्तो लगानीले सामाजिक, आर्थिक र वातावरणीय सामनज्यसता sthapan गरेको हुन्छ । विपद् हुनु अघिको लगानीले विपद् पश्चात् गरिने खर्चलाई यथेस्ट जोगाउँछ ।

## कार्यसूची

यो तेश्रो प्राथमिकता अन्तर्गत निम्न तीन प्रमुखहरु राखिएका छन् :

१) स्थानीय क्षमता अभिवृद्धिका लागि तालिम/कार्यशाला (Training/workshop for local capacity building)

२) अनुसन्धान तथा विकास र नव-प्रवर्तनमा लगानी (Investing on research, development and innovation)

३) हरित संरचनाको व्यवस्था (Management of green infrastructure)

## हालको स्थिति

१. **स्थानीय क्षमता अभिवृद्धिका लागि तालिम/कार्यशाला :** स्थानीय क्षमता अभिवृद्धिका लागि विभिन्न विषयहरु जस्तै श्रोत संरक्षण, वातावरण तथा प्राकृतिक श्रोतको विपद्को असर, दिगो विकास लक्षहरुमा विपद् न्यूनीकरण जलवायु परिवर्तन र विपद्, र सामाजिक सुरक्षामा समय-समयमा तालिम/कार्यशालाको आयोजना भैरहेको छ । साथै, यस्ता तालिम कार्यशालाहरुमा विपद् तथा जोखिम न्यूनीकरणको लागि राष्ट्रिय रणनीति (LDRMP) र स्थानीय अनुकुलन कार्ययोजना (LAPA) मा क्षमता अभिवृद्धि तालिमको उल्लेख भएको छ । तथापी ती एकीकिृत रुपमा देखिएको छैन र विपद् तथा जोखिम न्यूनीकरणसम्बन्धी ज्ञानलाई प्रवर्द्धन गर्न मानव श्रोत पनि अपर्याप्त देखिन्छ ।

२. **अनुसन्धान तथा विकास र नव-प्रवर्तनमा लगानी (Investing on research, development and innovation)** : अनुसन्धान तथा विकासको लागि भनि विपद् तथा जोखिम न्यूनीकरणको लागि राष्ट्रिय रणनीति (LDRMP) र स्थानीय अनुकुलन कार्ययोजना (LAPA) मा थोरै उल्लेख भएको पाइन्छ; गोरखा भूकम्प पछि विपद् पश्चात्को आवश्यकता मूल्यांकन (PDNA) र द्रूत वातावरणीय मूल्यांकन (REA) मा वन र वातावरणका विविध विषयहरुको उठान गरिएको छ । यस प्रकारको मूल्यांकनमा क्षति तथा नोक्सानीको सम्पूर्ण मूल्यांकन जरुरी देखिन्छ । साथै, जलाधार तहमा बहू-प्रकोपयुक्त जोखिम मूल्यांकनको पनि थालनी गर्नु पर्दछ ।

३. **हरित संरचनाको व्यवस्था :** यस अन्तर्गत वातावरण-मैत्री विपद्-जोखिम न्यूनीकरण (Eco-DRR) कोषको स्थापना, मानव एवं वन्य-जन्तुको लागि सुरक्षित आश्रय-स्थल, पूर्व-चेतावनी प्रणाली, स्थानीय रुपमा उपलब्ध हरित संरचनाको प्रवर्द्धन, र फोहर तथा भग्नावशेष व्यवस्थापन (Disposal management) लाई समावेश गरिएको छ । हालको अवस्थामा यसतर्फ निम्न कमिहरु देखिन्छन् :

- वातावरण र प्राकृतिक श्रोतसित विपद्-जोखिम न्यूनीकरणसम्बन्धी वैज्ञानिक अनुसन्धान तथा प्राविधिक

- स्थानीय तहको विपद्-जोखिम न्यूनीकरण योजना तयार पारिएको, तर केहि सिमित गाविस र नगरपालिकाहरुका लागि मात्र
- वातावरण-मैत्री विपद्-जोखिम न्यूनीकरण (Eco-DRR) कोषको स्थापना हुन बाँकी
- सुरक्षित आश्रयस्थलको पर्याप्त नक्सांकन हुन बाँकी
- जल तथा मौसम विभाग र केहि अन्तर्राष्ट्रिय संस्था (UN, ICIMOD) बाट बाढी, हिम-पोखरी फुटेर आउने बाढीको लागि केहि आपतकालीन चेतावनी प्रणाली (EWS) को व्यवस्था भएको; तर पर्याप्त नभएको
- हरित संरचनाको लागि स्थानीय श्रोत उपलब्ध भएको, तथापी उपयोगमा कमी रहेको विपद् पश्चात् वातावरणलाई दूषित तुल्याउने भग्नावशेष र जैविक वस्तुहरु तह लाउने उचित व्यवस्था नभएको

**कार्ययोजना**

| क्रम | कार्य | समय सिम | जिम्मेवार निकाय |
|---|---|---|---|
| ३.१.१ | • समसामयिक विषयरु जस्तै श्रोत संरक्षण, वातावरण तथा प्राकृतिक श्रोत संरक्षण, दिगो विकास लक्षहरु, जलवायु परिवर्तन र सामाजिक संरक्षणको विषयमा तालिम लिएका र ती विषयवस्तुलाई एकीकृत ढंगले प्रयोग गर्न सक्षम जनशक्ति र विशेषज्ञको तर्जुमा गर्ने<br>• उपलब्ध जनशक्तिको तथ्यांक अध्यावधि गर्ने<br>• तालिम जनशक्तिको तथ्यांक अध्यावधि गर्ने<br>• तालिम-गोष्ठी र उच्च शिक्षाको व्यवस्था गर्ने<br>• स्थानीयवासी र स्थानीय | सन् २०२५ भित्र | • गृह मन्त्रालय, जिल्ला स्तरीय विभिन्न निकायहरु<br>• निर्वाचित स्थानीय निकायहरु |

| | | | |
|---|---|---|---|
| | निकायका पदाधिकारीहरुलाई अभिमुखीकरण गर्ने | | |
| ३.१.२ | • मुख्य-मुख्य जलाधारहरुको वहू-प्रकोपयुक्त जोखिम मूल्यांकन सम्पन्न भइ प्रतिवेदन तयार पार्ने<br>• विपद्बाट वातावरण तथा प्राकृतिक श्रोतहरुमा भएको क्षति तथा नोक्सानीको वार्षिक अभिलेखन कायम गर्ने<br>• बहु-प्रकोप तथा जोखिम (MHRA) मूल्यांकनको लागि प्राज्ञिक संस्थाहरुको सूचीकरण तथा प्रलेखको व्यवस्था गर्ने<br>• बहु-प्रकोप तथा जोखिम (MHRA) मूल्यांकनको आवश्यक अनुसन्धानको लागि सहकार्य तथा लगानी गर्ने<br>• वातावरणीय पक्षको हेक्का राखी जलाधारहरुको वहु-प्रकोपयुक्त जोखिम मूल्यांकन सम्पन्न गर्ने | सन् २०२५ भित्र | • अनुसन्धान गर्ने प्राज्ञिक निकायहरु, विश्वविद्यालयहरु |
| ३.१.३ | • वातावरण-मैत्री विपद्-जोखिम न्यूनीकरण (Eco-DRR) कोषबाट हरित आविष्कार तथा प्रविधि विकास र सुरक्षित आश्रयस्थलको पहिचान कार्यमा लगानी गर्ने<br>• मानव साथै वन्यजन्तुका लागि सुरक्षित आश्रयस्थलको | सन् २०२०<br>सन् २०२५ | • गृह मन्त्रालय, प्राज्ञिक निकायहरु, सम्बन्धित मन्त्रालयहरु<br>• प्राज्ञिक निकाय र अनुसन्धान संस्थाहरु |

| | | | |
|---|---|---|---|
| | नक्सांकन तयार गर्ने<br>● जलउत्पन्न विपद् र अन्य प्रमुख विपद्हरुबाट बच्न वहु-सरोकारवाला तहको अग्रसरतामा आपतकालीन चेतावनी प्रणाली (EWS) र मजबुत संयन्त्रको व्यवस्था गर्ने<br>● प्रत्येक प्रान्त र स्थानीय तहमा स्थानीय श्रोतमा आधारित हरित संरचनाको प्रवर्द्धन गर्ने<br>● टुटेफुटेका वस्तु भग्नावशेष र जैविक वस्तुहरु तह लाउने उचित व्यवस्था भएको<br>● वातावरण-मैत्री विपद्-जोखिम न्यूनीकरण (Eco-DRR) कोषको स्थापना गर्न नीतिगत निर्णय गराउने<br>● विभिन्न सरोकारवाला र दात्री-संस्थाबाट सहयोग जुटाउने<br>● आश्रयस्थलको नक्सांकन तयार पार्न बजेट छुट्याउने र कार्यान्वयन गर्ने<br>● विशेषज्ञ, सरोकारवालाहरुसित समन्वय र सहकार्य गर्ने<br>● EWS स्थापनाको लागि लगानी भित्राउने | सन् २०२५<br><br>सन् २०२५<br><br>सन् २०२५ | ● गृह मन्त्रालय, NEOC, जल तथा मौसम विभाग<br><br>● संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br><br>● संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र स्थानीय निकायहरु |

**घ) प्रभावकारी प्रतिक्रिया र पुनर्लाभ, पुनर्स्थापना, पुनर्निर्माण 'अझ बलियो निर्माण' निम्ति विपद् तयारीको अभिवृद्धि**

बढ्दो मात्राको विपद् र यसले निरन्तर बढाईरेहेको मानवीय क्षती, भौतिक सम्पत्ति एवं प्राकृतिक श्रोतहरुको विनासको लेखाजोखा गर्दा हाम्रो तयारी क्षमतालाई मजबुत बनाउँदै लैजानुको विकल्प छैन । प्रकोप प्रकृतिजन्य रहेको तथ्यलाई बुझ्दा र हाम्रो आफ्नै अनुभवलाई नियाल्दा, बलिया निर्माणहरुबाट क्षतीलाई कम बनाउन सकिने कुरा प्रष्ट भएको छ । यस्ता निर्माणहरुमा प्रकृतिकै अवयव प्रयोग गर्नाले त्यो अझ लाभकारी हुनेकुरा परिस्थितिकीय प्रणालीमा आधारित अनुकुलानका उपायहरुले देखाईदिएको छ ।

प्रभावकारी प्रतिक्रिया र पुनर्लाभ, पुनर्स्थापना, पुनर्निर्माणमा 'अझ बलियो निर्माण' निम्ति विपद् तयारीको अभिवृद्धि अन्तर्गत यी तीन मुख्य क्षेत्रहरु पहिचान गरिएको छ :

१. श्रोत सूची

२. संचय

३. अनुकुलन तथा सामना क्षमताको अभिवृद्धि

**हालको स्थिति**

श्रोत सूची, तथा संचय अनुकुलन तथा सामना क्षमताको अभिवृद्धि हुनु अपरिहार्य हुन आउँदछ । यससित सम्बन्धित क्षेत्र र भएका कमी कमजोरीहरु यस प्रकार छन् :

१. श्रोत सूची : श्रोत सूचीमा मुख्यतया तीन प्रकारका श्रोत सामाग्रीहरु पर्दछन्, १.१ उपलब्ध प्राकृतिक श्रोतरु, १.२ विपद्-जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकुलन र वातावरण तथा प्राकृतिक श्रोत संरक्षणको लागि जनशक्ति, र १.३ सामग्री र औजारहरु । हालको अवस्थामा, श्रयस्कर तयारीको लागि उपलब्ध श्रोत-सामग्रीहरुको दुरुस्त सूचीको अभाव रहेको छ ।

२. संचय (Stockpiling) : संचयमा पर्ने मुख्य वस्तुहरुमा प्राकृतिक श्रोतहरु जस्तै - बाँस, पानी ट्यांकी र पोखरीहरु, स्थानीय खाद्यवस्तु, जडीवुटी र औषधि पर्दछन् । यसमा प्रभावकरी प्रतिक्रियाको लागि आवश्यक सामाग्रीहरुको उचित संचयको अभाव रहेको छ ।

३. अनुकुलन तथा सामना क्षमताको अभिवृद्धि : अनुकुलन तथा सामना क्षमताको अभिवृद्धिको लागि मौलिक/परम्परागत ज्ञानलाई आधुनिक विज्ञान र प्रविधिसित गाँस्ने र वातावरणीय क्षयीकरण र विपद्-जोखिम घटाउन बैकल्पिक ऊर्जाको प्रवर्द्धन गर्ने कार्य प्रभावकारी हुनेछ । हाल यसमा खट्किएको कुरा भनेको स्थानीय विपद्-जोखिम न्यूनीकरण व्यवस्थापन योजना (LDRM) र

स्थानीय अनुकुलन कार्य योजना (LAPA) दुवै बढी समुदाय केन्द्रित भएको देखिन्छ । त्यस्तै, मौलिक/परम्परागत ज्ञानलाई आधुनिक विज्ञान र प्रविधिसित गाँस्ने व्यवस्थित पद्धतिको अभाव रहेको र बैकल्पिक ऊर्जा केन्द्र मार्फत ऊर्जाका बैकल्पिक उपायहरुको प्रवर्द्धन परियोजना सञ्चालनमा रहेको; यसलाई विपद्-जोखिम न्यूनीकरणसित जोड्नुपर्ने देखिएको छ ।

**कार्यसूची**

| **क्रम** | **कार्य** | **समय सिम** | **जिम्मेवार निकाय** |
|---|---|---|---|
| ४.१ | • प्राकृतिक श्रोत, मानव श्रोत, सामग्री र औजारहरुको सूची तयारी र दुरुस्त गरिराख्ने<br>• प्राकृतिक श्रोत, मानव श्रोत, सामग्री र औजारहरुको पहिचान, संकलन र मिलान गर्ने<br>• सुरक्षित आश्रय स्थल, खाद्यान्न, र औषधि, पानी र अन्य वस्तुहरुको उपलब्धता सूची तयारी अवस्था राख्ने | सन् २०२० | • गृह मन्त्रालय, सम्बन्धित अन्य मन्त्रालय र संस्थाहरु |
| ४.२ | • प्राकृतिक श्रोत, पानी, स्थानीय खाद्यवस्तु, जडीबुटी र औषधिको संचय व्यवस्था गर्ने<br>• प्रान्तीय साथै स्थानीय निकायहरुमा प्राकृतिक श्रोत, पानी, स्थानीय खाद्यवस्तु, जडीबुटी र औषधिको संचय व्यवस्था स्थापना गर्ने | सन् २०३० | • संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, गृह मन्त्रालय, अन्य सम्बन्धित संस्थाहरु |
| ४.३ | • मौलिक/परम्परागत ज्ञानलाई आधुनिक विज्ञान र प्रविधिसित गाँस्ने प्रभावकारी व्यवस्थित पद्धतिको विकास गर्ने | सन् २०३० | • विज्ञान तथा प्रविधि मन्त्रालय, कृषि विकास मन्त्रालय, नास्ट, नार्क, बैकल्पिक उर्जा केन्द्र, संघीय मामिला तथा स्थानीय |

| | | | |
|---|---|---|---|
| | • राष्ट्रिय, प्रान्तीय र स्थानीय स्तरमा बैकल्पिक ऊर्जाको अभियानलाई विपद्-जोखिम न्यूनीकरणसित समेत जोडेर लागतको अवस्था तयार गर्ने<br>• विभिन्न सेक्टरमा मौलिक/परम्परागत ज्ञानलाई आधुनिक विज्ञान र प्रविधिसित पद्धतिको विकास गरिएको, जस्तैः बीउ भण्डारण, खाद्य तथा वाली संरक्षण, पानीको बहुआयामिक उपयोग, बायो-इन्जिनिरिंग, वर्षादको पानी संकलन, प्लास्टिक पोखरी, आदिको व्यवस्था गर्ने<br>• राष्ट्रिय, प्रान्तीय र स्थानीय निकायहरुको बैकल्पिक ऊर्जा प्रवर्द्धनसित सम्बन्धित परियोजना र कार्यक्रमहरुको समन्वय राख्ने | | विकास मन्त्रालय, गृह मन्त्रालय, अन्य सम्बन्धित संस्थाहरु, दात्री निकायहरु |